नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१, ०९१-५२२४८६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
धनगढी,कैलाली

प.सं. ०७७।७८
च.नं.

मिति २०७७।०५।०३

## जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी

## आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण कैलाली जिल्लाभित्र निरन्तर बढिरहेको छ । यस जिल्लामा सो को रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०५।०१ को निर्णय बमोजिम संक्रामक रोग ऐन,२०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७।०५।०४ गते राति १२.०० बजेदेखि मिति २०७७।०५।१४ गते राति १२.०० बजेसम्म कैलाली जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

**देहाय**

१. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार व्यवसाय संचालन नगर्ने ।

२. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने । अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नु पर्नेछ ।

३. अत्यावश्यक सामाग्री लगायतका मालबाहक ढुवानीका सवारी साधन, भन्सारबाट जाँचपास भई आएका ढुवानीका साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधनहरु जिल्ला भित्र प्रवेश निषेध गर्ने ।

४. जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारीसाधन सञ्चालन नगर्ने ।

५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन बाहेकका सवारी साधनहरु सञ्चालन नगर्ने ।

६. सवारीसाधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु तथा सेवा अन्तरगत पर्ने औषधी, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दुध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाईन, आईसोलेसन, फोहरमैला व्यवस्थापन, अस्पताल जाने-आउने बिरामी, मृत्यु संस्कारका लागि अनिवार्य रुपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा बाहेकका अन्य सवारी साधन सञ्चालन नगर्ने ।

७. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न निषेध गर्ने ।

यज्ञराज बोहरा
प्रमुख जिल्लाअधिकारी

क्रमश:

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
☎ ०९१-५२११०१/☎ ०९१-५२२४४६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
धनगढी,कैलाली

८. परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट नगर्ने ।

९. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने ।

१०. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डिपार्टमेण्ट स्टोर (ग्रोसरी वाहेक), मनोरञ्जन स्थल, सैलुन, व्यूटिपार्लर, स्पा, स्वीमिङ पुल, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन नगर्ने ।

११. फुटपाथ वा खुल्ला ठाउँ तथा ठेलागाडा वा साईकलमा सञ्चालन हुने विभिन्न व्यापार/व्यवसाय सञ्चालन एवं कवाडी संकलन नगर्ने ।

१२. होटेल, रेष्टुरा सञ्चालन नगर्ने/नगराउने ।

**तर**

१३. आवश्यक परेको अवस्थामा सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो वाहेक कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्नको लागि सम्वन्धित कार्यालय प्रमुखले व्यवस्था मिलाउने ।

१४. बैंकिङ सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो सम्भव नभएमा स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा वा न्यूनतम संख्यामा कर्मचारी उपस्थित गराई सेवाप्रवाह गर्न सकिने छ ।

१५. औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य सम्वन्धि कार्यको हकमा आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्नु पर्ने ।

१६. खाद्यान्न, तरकारी, दुध, फलफुल, माछा, मासु लगायत अत्यावश्यक वस्तुहरुका हकमा विहान ५:०० वजे देखि ९:०० वजेसम्म (४ घण्टा मात्र) स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्न सकिने छ ।

१७. यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही हुनेछ । साथै अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारबाही हुनेछ ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदा झै निरन्तर सहयोग साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय कैलाली सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

यज्ञराज बोहरा
प्रमुख जिल्लाअधिकारी